REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 03.06.2025

## Sikkim Situation

भारतीय वायुसेनाले मुसलधारे वर्षाका कारण पहिरो र बाढीबाट प्रभावित सिक्किममा उद्धार र राहत कार्य सुरु गरेको छ। भारतीय वायुसेनाले उत्तर सिक्किमको चाटेनमा फसेका नागरिकहरूलाई उद्धार गरेको छ। मङ्गन जिल्लामा फसेका पर्यटक र घाइते सैनिकहरूलाई उद्धार गर्न हेलिकप्टरहरू परिचालन गरिएको छ। एनडीआरएफले भारतीय वायुसेनासँगको सहकार्यमा आज बिहान दुईवटा एमआई-१७ भीप हेलिकप्टर प्रयोग गरेर घाइते सैनिकहरू, उनीहरूका परिवार र पर्यटकहरूलाई उद्धार गरेको छ। हाम्रा संवाददाताले जनाएअनुसार उद्धार गरिएका ३४ जनालाई सकुशल पाकिम हवाइअड्डामा अवतरण गरियो। कैयन् क्षेत्रमा पहिरो गएका कारण लाचेनमा लगभग १५० पर्यटक फसेका छन्। यसैबीच, आइतबार चाटेनमा पहिरोमा परी सेनाका तीन कर्मचारीले ज्यान गुमाए भने चार जना घाइते भए। मङ्गनको अवस्थाको आकलन गर्न सिक्किमका मुख्य सचिव आर. तेलङले गान्तोकमा उच्चस्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नुभयो र राहत कार्यमा पूर्ण सहयोग गर्न सबै निकायहरूलाई निर्देशन दिनुभयो। यसैगरी, लाचुङमा फसेका सबै पर्यटकहरूलाई हिजो जिल्ला प्रशासनले सफलतापूर्वक उद्धार गरेको थियो। अविरल वर्षा र पहिरोका कारण मंगन जिल्लामा यातायात आवागमन गम्भीर रूपमा अवरुद्ध भएको छ।

## Search Operation

उत्तर सिक्किमको मुन्सिथाङ नजिकै मे २९ मा भएको सडक दुर्घटनामा बेपत्ता पर्यटकहरूको खोजी अभियान अझै जारी छ। प्रतिकूल मौसमका कारण जलस्तर बढेको अनि सम्पर्क विच्छेद भएको कारणले उत्पन्न चुनौतीहरूको बाबजुद पनि पहिलो दिनदेखि नै संयुक्त खोज तथा उद्धार कार्य जारी छ। आज, पर्यटन तथा नागरिक उड्डयन विभागको संयुक्त खोज टोलीले जिल्ला पर्यटन कार्यालय मंगनसँगको समन्वयमा दुर्घटनास्थल नजिकैको क्षेत्रमा व्यापक खोजी गर्न थप प्रयास गरेको छ। चुङथाङका महकुमा अधिकारी र महकुमा प्रहरी अधिकारी, अग्नि तथा आपतकालीन सेवा, वन विभाग लगायत पर्यटन हितधारकहरूको नेतृत्वमा स्थानीय प्रशासन र प्रहरीसँगको समन्वयमा खोजी कार्य गरिएको थियो। बेपत्ता पर्यटकका परिवारका सदस्यहरू पनि खोज तथा उद्धार कार्यको प्रत्यक्ष जानकारी लिन घटनास्थलमा उपस्थित थिए। साथै, एनडीआरएफ टोलीले पनि नदीको किनारमा व्यापक खोजी गरेको थियो।

## Sikkim Flood

राज्यपाल ओम प्रकाश माथुरले सिक्किममा अविरल वर्षाका कारण भएको पहिरो र टिस्टा नदीको बढ्दो जलस्तरको निरीक्षण गर्न आज सिंगताम क्षेत्रको भ्रमण गर्नुभयो। यस क्रममा, राज्यपालले स्थानीय प्रशासनसँग राहत कार्यको समीक्षा गर्नुका साथै विपद् व्यवस्थापन योजनाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिनुभयो। यसबाहेक, राज्यपालले सिंगताम क्षेत्र वरपरका स्थानीय

मानिसहरूलाई सतर्क रहन जोड दिनुभयो। उहाँले सुरक्षा सुनिश्चित गर्नका लागि विभागहरूलाई आवश्यक कदम चाल्न निर्देशन दिनुभयो। निरीक्षणको क्रममा, राज्यपालले स्थानीय नागरिकहरूसँग पनि अन्तरक्रिया गर्नुभयो। यस अवसरमा प्रशासनिक अधिकारीहरू, प्रहरी विभाग र विपद् व्यवस्थापन टोली अनि स्थानीय मानिसहरू उपस्थित थिए।

Dr. Indra Hang Subba Nominated – FCI for Sikkim –

लोकसभा  सांसद इन्द्रहाङ सुब्बालाई सिक्किमका लागि भारतीय खाद्य निगम (FCI) को परामर्शदाता समितिको अध्यक्षको रूपमा मनोनित गरिएको छ। सिक्किम राज्य र पूर्वोत्तर क्षेत्रमा खाद्य सुरक्षा, सार्वजनिक वितरण, र अत्यावश्यक वस्तुहरूमा समान पहुँच सम्बन्धी मुद्दाहरू उठाउन डा. सुब्बाले निरन्तर प्रयास गरेबापत उहाँलाई मनोनित गरिएको हो। आफ्नो प्रतिक्रियामा डा. सुब्बाले यस्तो जिम्मेवारी प्रदान गरेकोमा संसदीय मामिला मन्त्रालय र उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयका माननीय मन्त्रीज्यूहरुप्रति आभार व्यक्त गर्नुभयो।

Former Governor  Hospitalized-CM Wishes-

सिक्किमका पूर्व राज्यपाल गंगा प्रसाद आपतकालीन स्वास्थ्य उपचारका लागि नियोटिया अस्पतालमा भर्ना हुनुभएको छ। मुख्यमन्त्री प्रेम सिंह तामाङ आज अस्पताल पुगेर उहाँको स्वास्थ्यको जानकारी लिनुभयो। श्री तामाङले सिक्किमेली जनताको तर्फबाट शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्नुभयो।

RBI – Financial Literacy

आरबीआइ गान्तोकद्वारा सोरेङ जिल्ला अधीनस्थ साङ्गा-दोर्जी ग्राम पञ्चायत एकाइमा स्वयं सहायता समूहका सदस्यहरूको निम्ति 30 मईको दिन वित्तीय साक्षरता कार्यक्रम आयोजना गरियो। स्वयं सहायता समूहका नेतृत्त्वहरूको क्षमता निर्माण गर्ने दिशामा आरबीआइको प्रतिबद्धताप्रति यो कार्यक्रम लक्षित थियो। उल्लेख्य, आम जनमानसमा वित्तीय साक्षरता सुनिश्चित गर्न आरबीआइले नियमित रूपमा स्कूलका शिक्षक अनि विद्यार्थी, वरिष्ठ नागरिक, स्वयं सहायता समूह, एमएसएमई अनि कृषकहरू लगायत विविध वर्गका लागि वित्तीय साक्षरता शिविर आयोजना गर्दै आएको छ। यसको उद्देश्य उनीहरूमा वित्तीय साक्षरता बढाउनु हो।